सियारी, श्रावण महिना १ गते, २०८१ संख्या: २

# आर्थिक ऐन -२०८१/०८२

सियारी गाउँपालिका, रूपन्देही

सियारी, असार महिना १० गते, २०८१ साल संख्या: २

स्थानीय सरकार

सियारी गाउँपालिका, रूपन्देही

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सियारी गाउँपालिकाको तल लेखिए बमोजिमको आर्थिक ऐन।

## २०८१ सालको आर्थिक ऐन

### ऐनको नाम: सियारी गाउँपालिकाको आर्थिक ऐन, २०८१

प्रस्तावना: सियारी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सियारी गाउँ सभामा यो ऐन पेश भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि सियारी गाउँपालिकाको आर्थिक ऐन २०८१/०८२ गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पत्ति करः**

(१) गाउँपालिका क्षेत्रभित्रको घर र सो घरले चर्चेको जग्गामा अनुसूची (१) बमोजिम सम्पत्ति कर लाग्नेछ।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ (५) को अवस्थाका घर र घरजग्गा बाहेक अन्य सबै घर र घरजग्गामा सम्पत्ति कर लाग्नेछ। घर र घरजग्गाको मुल्यांकन देहायको आधारमा गरिने छ।

क. घर र घरजग्गाको आकार, प्रकार, बनोट र उपयोगको अवस्था,

ख. घर र घरजग्गाको चलनचल्तीको मूल्य र घरको ह्रास मूल्य,

ग. घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था।

(३) उपदफा (१) बमोजिमको सम्पति करको स्वयम व्यक्तिले स्वः घोषणा गरे अनुसार हुनेछ। निवेदनको ढाँचा, सम्पति कर लगाउने तरिका र घरको ह्रासकट्टी लगायतको व्यवस्थातोकिए बमोजिम हुनेछ।

नोटः घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको जग्गा सम्झनु पर्दछ।

३. **भूमि कर (मालपोत)**

गाउँपालिका क्षेत्रभित्र दफा (२) मा लगाईएको सम्पति करमा बाहेक अन्य जग्गामा भूमि कर (मालपोत) लाग्नेछ।

४. **घर/जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम,टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर/जग्गा वहाल कर लाग्नेछ।

५. **व्यवसाय करः** (१) गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम उद्योग, व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थालाई

व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ। प्रदेश तथा संघीय कानून बमोजिम अन्य निकायमा दर्ता भएका र यस गाउँपालिकाको भूगोल भित्र सञ्चालन हुने उद्योग व्यवसायले गाउँपालिकामा सुचीकृत भई प्रत्येक बर्ष नवीकरण गर्नु पर्नेछ। इजाजत प्राप्त तथा सूचीकृत व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नवीकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको इजाजत विना गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न पाईने छैन।

(४) सियारी गाउँपालिका क्षेत्र भित्र विगत देखि सञ्चालन गरीरहेका तर हाल सम्म दर्ता नभएका व्यवसायीहरूले २०८१ कार्तिक मसान्त भित्र व्यवसाय दर्ता गरेमा नयाँ दर्ता संरह शुःल्क लिई दर्ता गरिने छ र सो अवधि सम्म दर्ता नगरेमा सञ्चालन गरेको मिति देखि नै शुःल्क र जरिवाना लिई व्यवसाय दर्ता गरिने छ।

६. **जडिबुटी, कवाडी र मृत जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडीमाल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लाग्नेछ।

७. **नदीजन्य पदार्थ (दहत्तर बहत्तर) कोबिक्री शुल्कः-** सियारी गाउँपालिका क्षेत्र भित्रका नदी, सार्वजनिक तथा ऐलानी जग्गा, निजी जग्गा, बगर, नदी किनारा आदि क्षेत्रबाट नदीजन्य पदार्थ (दहत्तर बहत्तर)को उत्खनन्, संकलन र बिक्री गर्दा मु.अ.क. बाहेक अनुसूची (६) बमोजिम शुल्क लाग्ने छ।

८. **सवारी साधन अनुमति दस्तुरः** (क) गाउँपालिका क्षेत्रभित्र कानून बमोजिम प्राकृतिक स्रोत (नदीजन्य पदार्थ, माटो र भष्कट) उत्खनन् ओसार पसार गर्ने सवारी साधनमा

अनुसूची (७) बमोजिम अनुमति दस्तुर लगाइने छ। सोको लागि सरोकारवालाले गाउँपालिकामा सवारी साधन सूचीकृत गर्नु पर्नेछ।

९. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (८) बमोजिम विज्ञापन कर लाग्नेछ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाटबजार, पसल र ऐलानी जग्गामा बनेका घर एवं उपभोग गरेको जग्गाकोसोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लाग्नेछ।

११. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले सेवाग्राहीलाई वस्तु तथा सेवा प्रदान गरे वापत अनुसूची (१०) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लाग्नेछ। अनुसूचीमा छुट तथा निःशुल्क उल्लेख नभएका सबै वस्तु तथा सेवामा शुल्क तथा दस्तुर लाग्ने छ।

१२. **घर नक्सा पास दस्तुरः** सियारी गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र नयाँ निर्माण हुनेघर, टहरा, गोदाम, सेड आदि निमार्ण गर्दा तथा पुरानाघर, टहरा, गोदाम, सेड आदिको अभिलेखीकरण गर्दा अनुसूची (११) बमोजिमको नक्सा पास दस्तुर लाग्नेछ।

१३. **जरिवाना, विलम्ब शुल्क तथा कर छुट र पुरस्कारः** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

(२) गाउँपालिकाले अनुसूची (१२) बमोजिम जरिवाना, विलम्ब शुल्क लगाउने र असुलउपर गर्ने छ।

१४. **वडा कार्यालयमा गरिने लेनदेन व्यवहार सम्बन्धी :** वडा कार्यालयमा गरिने लेनदेन व्यवहार सम्बन्धी अनुसूची (१३) बमोजिम दस्तुर लाग्नेछ।

१५. **नियम वा कार्यविधि बनाउने अधिकारः** (क) ऐनको उद्देश्य पुरा गर्न गाउँपालिकाले आवश्यक नियम वा कार्यविधि बनाउन सक्ने छ।

(ख) विभिन्न दफामा उल्लेखित कर, दस्तुर, सेवाशुल्क वा जरिवाना आदिमा कुनै शिर्षक छुटेको पाइएमा गाउँ कार्यपालिकाले निर्णय गरी त्यस्तो शीर्षक थप गर्न तथा कर, दस्तुर, सेवाशुल्क वा दस्तुर, जरिवाना निर्धारण गरी असूल उपर गर्न सक्ने छ।